# डोल्पो बुद्ध गाउँपालिका

## དོལ་པོ་བུདྡྷ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

# Dolpo Buddha Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

**धो, डोल्पा, कर्णाली प्रदेश, नेपाल**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०८/१७**

नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता बमोजिम श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारहरुको साझेदारीमा सञ्चालित रोजगारका लागि सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालन मार्गदर्शन २०८१ अनुसार डोल्पो बुद्ध गाउँपालिकामा वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन,वैदेशिक रोजगारसंग सम्बन्धित सूचना प्रवाह गर्न, वैदेशिक रोजगारी सम्बन्धी सचेतीकरण कार्यक्रम सञ्चालन गर्न एवं मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्नका लागि देहायको संख्यामा देहायको योग्यता भएका कर्मचारी करार सेवामा लिनुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:-**

| क्र. स. | विज्ञापन नं. | पद | तह | सेवा | माग सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ५/२०८२/८३ | मनोसामाजिक परामर्शकर्ता (महिला) | पाँचौं | विविध | १ |

क) मनोसामाजिक परामर्श कर्ताको लागि शैक्षिक योग्यता र अनुभव

१. नेपाली नागरिक,

२. मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिंग/मनोविज्ञान/ समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको र पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको,

३. मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वस्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी महिलालाई विशेष प्राथमिकता दिईने,

४. २१ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने,

५. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको,

६. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुदार नठहरिएको,

७. कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको,

८. नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने,

९. स्थानीय तहको नागरिक हुनु पर्ने ।

ख) सेवा, सुविधा: - नियमानुसार,

ग) परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता,

घ) दरखास्त पाइने स्थानः डोल्पो बुद्ध गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, (प्रशासन शाखा) डोल्पा,

ङ) दरखास्त दिने अन्तिम मितिः २०८२/०९/०३ गते (अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा बिदाको भोलिपल्ट)

छ) आवेदनका साथ थप संलग्न कागजातहरू: आवेदकले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरुको प्रतिलिपिहरुः-

१. नेपाली नागरिकता, २. न्यूनतम शैक्षिक योग्यता (नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट) को प्रमाणपत्रको प्रतिलिपि, ३. २ (दुई) प्रति पासपोर्ट साइजको फोटो,

ज) परीक्षा सञ्चालन मिति र स्थानः सूचना मार्फत जानकारी गराइनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**